नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ति
(ध्यानाकर्षण सम्बन्धमा)

योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकको प्रत्याभूतिका लागि क्रियाशील यस सामाजिक सुरक्षा कोषका सम्बन्धमा केही समययता प्रकाशित समाचारहरूका सम्बन्धमा कोषको गम्भिर ध्यानाकर्षण भएको छ ।

श्रम ऐन, २०७४ को दफा ५२ देखि ५६ सम्मका व्यवस्थाहरूका लागि मात्र सामाजिक सुरक्षा कोष आकर्षित हुने व्यवस्था सोही ऐनको दफा ५७ मा उल्लेखित छ । श्रम ऐनले व्यवस्था गरेको सामाजिक सुरक्षा कोषबाट उपलब्ध सुविधाका दरहरूलाई न्यूनतम मापदण्डबाट श्रमिकलाई बञ्चित नबनाउने गरी श्रम ऐनको दफा ११६ अनुसारको सामुहिक सौदावाजीको अधिकारलाई व्यवस्था गरेको हुँदाहुँदै पनि सरोकारवाला पक्षहरूको प्रासाङ्गिक अर्थ ग्रहणको सिद्धान्त विपरित गलत व्याख्या गर्दा श्रम बजारमा पर्ने भ्रमबारे सम्बन्धित पक्ष जिम्मेवारपूर्ण ढङ्गबाट प्रस्तुत हुन कोष अनुरोध गर्दछ ।

श्रम ऐनको दफा ३ मा श्रम ऐनमा रहेका विषयहरू न्यूनतम मापदण्डका रुपमा रहने उल्लेख रहेको र सोही ऐनको दफा ५२ मा व्यवस्था गरेको आधारभूत पारिश्रमिकको २० प्रतिशत संचय कोषबापतको रकम, दफा ५३ मा व्यवस्था भएको न्यूनतम एक वर्ष काम गरेबापत १ महिना बराबरको उपदान बापतको रकम, दफा ५४ बमोजिमको श्रमिक कर्मचारीको रु.१ लाख बराबरको औषधि उपचार र दफा ५५ बमोजिमको श्रमिक कर्मचारीको रु.७ लाख बराबरको दुर्घटना बीमाको बीमाशुल्क वापतको रकम मात्र सामाजिक सुरक्षा कोषमा आउने तथा सोभन्दा बढी सुविधा दिइरहेको भए सम्बन्धित प्रतिष्ठानले नै सम्बन्धित श्रमिकले पाउने गरी व्यवस्था गर्नुपर्ने प्रावधानहरू श्रम ऐनको दफा ३४ (३), दफा १७८ उपदफा (३) र (४) मा स्पष्ट व्यवस्था रहेको छ । त्यसैगरी खाईपाई आएको उपदानको हकलाई सुनिश्चितता दिने गरी श्रम नियमावली, २०७५ को नियम २३ को उप नियम ४ मा निम्न कुरा उल्लेख गरेको छ ।

*यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत कसैले ऐनको दफा ५३ मा उल्लेख गरेको दरभन्दा बढी उपदान सुविधा प्राप्त गरेको रहेछ भने त्यस्तो उपदान रकममध्ये ऐनमा उल्लेखित दरको हदसम्मको रकम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरी बाँकी रहन आएको रकम सम्बन्धित श्रमिकले प्राप्त गर्नेगरी आवश्यक व्यवस्था गर्नुपर्नेछ ।*

श्रम ऐन, २०७४ को दफा १७८ को उपदफा ३ र दफा ३४ को उपदफा ३ ले श्रमिक/कर्मचारीको सेवा सुविधाको सुरक्षाको कानूनी प्रत्याभूति गरिसकेको सन्दर्भमा कोषमा आवद्ध हुँदा खाइपाई आएको सुविधा नघट्ने स्पष्ट हुँदाहुँदै पनि आम श्रमिक र जनसमुदायलाई भ्रमित पार्ने कार्य कानून प्रतिकूल ठहर्छ । यसरी स्पष्ट कानूनी व्यवस्थामार्फत श्रमिकले पाइरहेको सेवा सुविधा घटाउन नपाइने प्रत्याभूति हुँदाहुँदै पनि भ्रमपूर्ण सूचना संप्रेषण नगर्न नगराउनुहुन कोष अनुरोध गर्दछ ।

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोनः ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्सः ०१-४२५५४६३
इमेलः info@ssf.gov.np, ssffund315@gmail.com, वेभः www.ssf.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

२०७६ साल श्रावणदेखि कोषले औपचारिक क्षेत्रका निजी प्रतिष्ठानका श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा दिगोपनाको आधारमा अधिकतम योगदानकर्ता मैत्री बनाउने गरी सरोकारवालहरूका अधिकांश सुझावहरूलाई सम्बोधन गरी कार्यविधिको दोश्रो संशोधन भएको थियो। योगदानमा आधारित सामाजिक सुरक्षा ऐनअनुसार सामाजिक सुरक्षा योजनाहरू योजनाबद्ध र चरणगत रुपमा लागु गर्ने व्यवस्था भएअनुसार कोषले अनौपचारिक, असङ्गठित र स्वरोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी प्रस्तावित योजनाहरू तर्जुमा गरी अन्तर्राष्ट्रिय श्रम संगठन लगायत त्रिपक्षीय छलफलका विभिन्न चरणहरू पार गरिसकेको छ । कोषमा वृहत आवद्धता, अनिवार्य सहभागिता सहितको सामुहिक कोषको धरातलमा सञ्चालन हुने सामाजिक सुरक्षाको संरचना दिगो र प्रभावकारी बनाउने गरी सबै निजी तथा सङ्गठित क्षेत्रका श्रमिकहरूलाई आवद्धताका लागि २०७५ कार्त्तिक २६ गते राजपत्रमा सूचना संप्रेषण भइसकेको व्यहोरा अवगत नै छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १७ मा कुनै रोजगारदाताले कानूनद्वारा तोकिएको अवधिभित्र सूचीकरण नभएमा वा श्रमिकहरूको सूचीकरण नगराएमा निजसँग रोजगार सम्बन्ध भएको अवस्थामा कुनै घटना भएमा सो अवस्थामा ऐनअनुसार उपलब्ध हुने सुविधा सम्बन्धित रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था रहेको छ ।

श्रम ऐन आकर्षित हुने सबै क्षेत्रका लागि सामाजिक सुरक्षा अनिवार्य विषय हो र श्रम ऐनको दफा ५२ र ५३ बमोजिम जम्मा गर्नुपर्ने संचय कोष र उपदानबापतको सुविधा सामाजिक सुरक्षासम्बन्धी कानून निर्माण भई सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा आइसकेको सन्दर्भमा सामाजिक सुरक्षा कोषबाहेक अन्यत्र जम्मा गर्न नमिल्ने उल्लेखित दफाको उपदफा २ मा स्पष्ट व्यवस्था रहेको छ ।

कानून परिपालना गराउने सन्दर्भमा कोषले कानूनसम्मत गरेको निर्णयलाई कतैबाट पनि परिस्थितिसँग जोडी अपब्याख्या नगर्न/नगराउनुहुन अनुरोध छ । यसर्थ यथाशक्य छिटो कोषमा आवद्ध भइ सुविधाहरूको उपयोग गर्नुका साथै संविधान र ऐनको पूर्ण परिपालनाका लागि समेत सबैमा आह्वान गरिन्छ ।

धन्यवाद ।
मिति २०७८/०२/२१

प्रवक्ता

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोनः ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्सः ०१-४२५५४६३
इमेलः info@ssf.gov.np, ssffund315@gmail.com, वेभः www.ssf.gov.np